# कार्यपालिकाको बैठकमा पेश भएका प्रस्ताव र निर्णयहरु

मिति:२०८१ भाद्र २५ गते बैठक संख्या : ११६ औं

**प्रस्तावहरु:**

१. प्रारम्भिक वातावरणीय परिक्षणं प्रतिवेदन तथा अद्यावधिक प्रतिवेदन (IEE) स्विकृत गर्ने सम्वन्धमा ।

२. नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल आदी) बिक्रि शुल्क संकलन ठेक्का सम्वन्धमा ।

३. रोजगारमूलक योजनाका लागि लाभग्राही छनौट सम्वन्धमा ।

४. खोका, ठेला छाप्राहरुलाई दण्ड, जरिवाना सम्वन्धमा ।

५. योजनाको स्थान एकिन गरि पठाउने संम्बन्धमा ।

६. चौकीडाँडा खानेपानी कार्यक्रमको भेरिएसन स्वीकृत सम्वन्धमा ।

७. योजनाको म्याद थप सम्बन्धमा ।

८. भोकाधिकारको लागी सहमती सम्बन्धमा ।

९. नापी कार्यालयलाई सहयोग सम्वन्धमा ।

**निर्णय नं. १**

गोदावरी नगर क्षेत्र भएर बग्ने खुटिया, खैराना र गोदावरी नदीवाट दिगो रुपमा नदीजन्य प्रदार्थ उत्खनन् तथा संकलन गर्ने कार्यको लागी कार्यालयबाट अध्ययन भई तपसिलको फर्महरुबाट पेश भएको नदीहरुको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तथा अद्यावधिक प्रतिवेदन (IEE) स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिल:**

| क्र.सं. | प्रारम्भिक वातावरणीय परिक्षण (IEE) पेश गर्ने फर्मको नाम | नदीको नाम |
|---|---|---|
| १ | लक्ष्य ट्रेनिङ्ग एण्ड रिसर्च सेन्टर, धनगढी कैलाली | खुटिया |
| २ | हुनैनाथ कन्सल्टिङ प्रा.लि., काठमाण्डौं नेपाल | खैराना |
| ३ | जेडि ग्रुप अफ कम्पनिज, धनगढी कैलाली | गोदावरी |

**निर्णय नं. २**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) र यस गोदावरी नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा १३ (१) को व्यवस्था वमोजिम आर्थिक वर्ष २०८१/८२ का लागि यस नगरपालिका क्षेत्रमा रहेका खैराना र गोदावरी नदी/खोलाहरुको प्रारम्भिक वातावरणिय परीक्षण प्रतिवेदन र खुटिया नदीको वातावरणिय परीक्षण अद्यावधिक प्रतिवेदनले तोकेको परिमाणमा र सो क्षेत्रवाट ठेक्का मार्फत नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल आदी) उत्खनन् गरि बिक्री गर्न सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ८ (२) बमोजिम राष्ट्रिय स्तरको पत्रिकामा ३० (तीस) दिने सूचना प्रकाशित गरी विद्युतीय वोलपत्र आव्हानको प्रक्रिया मार्फत ठेक्का लगाउने निर्णय गरियो । साथै सुदूरपश्चिम प्रदेश सरकारवाट जारि गरिएको सुदूरपश्चिम

Scanned with CamScanner

Scanned with CamScanner

आर्थिक ऐन, २०८१ को दफा ८ (१) मा अनुसूची ६ को क्र.सं. १ बमोजिम प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क (ढुङ्गा, गिटी, रोडा, ग्रावेल, चट्टान, स्लेट, बालुवा र चिप्समा प्रति घन फिट रु. ६/- (मु.अ.कर बाहेक) उल्लेख भएकोले प्रदेश सरकारले तोकेको दररेटमा बिक्री गर्ने गरी देहाय बमोजिमका तीन वटा खण्डमा ठेक्का लगाउने समेत निर्णय गरियो ।

| खण्ड | बोलपत्रको नाम | जम्मा घन मिटर | न्यूनतम ठेक अङ्क (रु.) भ्याट बाहेक |
|---|---|---|---|
| १ | गोदावरी नदी/खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल आदी उत्खनन् तथा बिक्रि वितरण | ७५,००० | १,५८,९१,७५०/- |
| २ | खैराना नदी/खोलावाट ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल आदी उत्खनन् तथा बिक्रि वितरणं | ४७,६२८ | १,००,९१,८९७/- |
| ३ | खुटिया नदी/खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल आदी उत्खनन् तथा बिक्रि वितरण | २,६०,९४६ | ५,५२,९१,८४८/- |

**निर्णय नं. ३**

चालु आ.व.मा यस नगरपालिकामा रोजगारमूलक कार्यक्रम सञ्चालन गर्दा लागत साझेदारीमा सञ्चालन हुने योजनाहरुलाई प्राथमिकता दिई श्रमिकको ज्याला वापतको रकम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रमको सशर्त कार्यक्रम रोजगारी सृजना अन्तर्गतवाट खर्च हुने र सो योजनाका लागि आवश्यक अन्य सामाग्रीहरु वडा कार्यालयले अन्य स्रोतवाट व्यवस्थापन गर्ने गरी तपसिल बमोजिमको संख्यामा सूचिकृत बेरोजगार व्यक्तिहरु वडागत प्राथमिकताक्रम बमोजिम छनौट गर्ने तथा विविध कारणवस प्राथमिकताक्रम सूचिमा पछि परेको, अति विपन्न वर्गको व्यक्तिलाई न्यूनतम रोजगारीको लागि छनौट गर्नुपरेमा वडा समितिको निर्णय अनिवार्य रुपमा पेश गर्नुपर्ने निर्णय गरियो । यसका साथै यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत ५० दिनको कार्यस्थलमा आधारित सीप तालिम र बाँकी ५० दिन बराबरको रोजगारमूलक आयोजनाहरुका काममा रोजगारीमा खटाउने निर्णय समेत गरियो ।

**तपसिल**

| क्र.स. | वडा नं. | कूल सुचिकृत बेरोजगार व्यक्ति | वडागत रुपमा छनौट हुने श्रमिक संख्या | प्रस्तावित बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | ५७ | ५ | ३३४००० | युवा रुप |
| २ | २ | १०६ | १० | ६६८००० | युवा रुप |
| ३ | ३ | १८ | २ | १३३६०० | नेपाल सरकार |
| ४ | ४ | ७६ | ७ | ४६७६०० | नेपाल सरकार |

Scanned with CamScanner
Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | ५ | ९६ | १० | ६६८००० | युवा रुप |
| ६ | ६ | ३६ | ५ | ३३४००० | युवा रुप |
| ७ | ७ | ३९ | ४ | २६७२०० | नेपाल सरकार |
| ८ | ८ | ९४ | ९ | ५९३२०० | नेपाल सरकार |
| ९ | ९ | ३७ | ४ | २६७२०० | नेपाल सरकार |
| १० | १० | ७३ | ७ | ४६७६०० | युवा रुप |
| ११ | ११ | ३० | ३ | २००४०० | युवा रुप |
| १२ | १२ | ८९ | ९ | ५९३२०० | नेपाल सरकार |
| जम्मा | | ७५१ | ७५ | ४९९४००० | |

(वडागत रुपमा दर्ता भएका सूचिकृत वेरोजगार व्यक्ति, संख्या र उपलब्ध वजेटको अनुपातको आधारमा श्रमिक संख्या निर्धारण गरिएको छ ।)

**निर्णय नं. ४**

गोदावरी नगरपालिकाको वजार क्षेत्र भित्र सडक, सडक पेटीमा र भित्री गल्लीमा अव्यवस्थित रुपमा अटेर गरि खोका, ठेला, छाप्रा लगाई व्यापार/व्यवसाय गर्ने व्यक्ति तथा व्यवसायीहरुको नगर प्रहरीवाट जफत गरिएका सामानहरु सम्वन्धित व्यक्ति तथा व्यवसायीलाई फिर्ता गर्दा मिति २०७५/१०/१० गते बसेको कार्यपालिका बैठकको निर्णय नं. ११ अनुसारको दण्ड जरिवाना लिई तपसिल वमोजिमको समय सिमा पछि सवैको अभिलेख राखी छोड्ने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | विवरण | दण्ड जरिवाना रकम | छोड्ने समय सिमा |
|---|---|---|---|
| क) | पहिलो पटकका लागी | रु. ५००/- (पाँच सय) | ३ (तीन) दिन पछी |
| ख) | दोस्रो पटकका लागी | रु. १,०००/- (एक हजार) | ७ (सात) दिन पछी |
| ग) | तेस्रो पटकका लागी | रु. २,०००/- (दुई हजार) | १५ (पन्ध्र) दिन पछी |
| घ) | चौथो पटकका लागी | नियन्त्रणमा लएको सामान, खोका, ठेला जफत | |

**निर्णय नं. ५**

चालु आ.व. ०८१/८२ का लागि संघीय सरकारवाट ११.४.२२.२४०२ बृहत गोदावरीधाम गुरुयोजना तथा चिहान व्यवस्थापन योजना, गोदावरी नपा २ कैलाली भनी नयाँ योजनामा रु. २ करोड रकम विनियोजन भएकोमा उक्त योजना बृहत गोदावरीधाम गुरुयोजना तथा चिहान व्यव्थापन योजना, गोदावरी न.पा. २ कैलालीमा पर्ने नभई गोदावरी नगरपालिका वडा नं. ४ कैलालीमा पर्ने भएकोले स्थान संसोधनका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, काठमाण्डौलाई सिफारिस गरि पठाउने निर्णय गरियो ।

Scanned with CamScanner

Scanned with CamScanner

निर्णय नं. ६

गोदावरी नगरपालिकाको आर्थिक वर्ष ०७९/८० को पूर्वाधार विकास योजना अन्तर्गत स्वीकृत वार्षिक कार्यक्रमको ठेक्का नं. GM/NCB//03/2079/080 को Construction work of Chaukidada water supply project at ward No. 3 को कार्यको लागि निर्माण व्यवसायी श्री M/S Aakash Nirman Sewa, Melamchi -7 Sindhupalchok सँग मिति २०७९/११/८ मा सम्झौता भई निर्माण कार्य संचालनमा रहेको र गोदावरी नगरपालिका वडा नं. ३ को च.नं. २८५२, मिति २०८१/२/२९ गतेको पत्र र गोदावरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय कैलालीको मिति २०८१/३/५ गतेको कार्यपालिकामा पेश गर्ने सम्बन्धीको निर्णयानुसार DPR मा छुट्न गएको कृष्णमन्दिर टोल, धामी टोल, बोगटी टोल (मालिका), ताम्राकार टोल, खमौरा र गैरीगाउँ टोलमा खानेपानी पाईपलाईन नभएको र सो स्थानमा खानेपानीको धेरै समस्या भएकोले ठेक्का लागेकै कार्यक्रमवाट भुक्तानी हुने गरी तपसिलका ठेक्काको भेरियसन स्विकृत गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम | लागत अनुमान भेरियसन | सम्झौता रकम भेरियसन |
|---|---|---|---|
| १ | Construction Work of Chaukidada Water Supply Project at ward no. 3 (GM/NCB/03/2079/080) | ११.१३% | १२.४२% |

निर्णय नं. ७

गोदावरी नगरपालिकाको विभिन्न वडाहरुमा कालोपत्रे गर्ने कार्यका लागी यस कार्यालयसँग सम्झौता भई संचालनमा रहेका तपसिल वमोजिमका योजनाहरु विविध कारणले तोकिएको समंयमा काम सम्पन्न गर्न नसकिएको हुँदा उक्त योजना सञ्चालन गर्ने ठेकेदार कम्पनीलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार देहाय वमोजिम म्याद थप गर्ने निर्णय गरियो ।

तपसिल

| क्र. सं. | ठेक्काको विवरण | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप मिति | फर्मको नाम र ठेगाना |
|---|---|---|---|---|---|
| १ | Construction of Blacktop road at seven different place ward no 6,7,8, 9 (GM/NCB/W/2080/81/3) | २०८० /१०/१० | २०८१/०३/१० | २०८२/०२/३० | Sony Construction, Krishnapur 2 Kanchanpur |
| २ | Construction of Blacktop road at 13 different place ward no 1 (GM/NCB/W/2080/81/01) | २०८०/१०/१७ | २०८१/०३/१० | २०८२/०२/३० | Kumar Shishir Construction Dhangadhi 2, Kailali |
| ३ | Construction of Blacktop road at 7 different place ward no 2, 3 and 4 (GM/NCB/W/2080/81/02) | २०८०/१०/१७ | २०८१/०३/१० | २०८२/०२/३० | Kumar Shishir Construction Dhangadhi 2, Kailali |

Scanned with CamScanner

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | Construction of Blacktop road at 5 different place ward no 10, 11 and 12 (GM/NCB/W/2080/81/04) | २०८०/१०/१७ | २०८१/०३/१० | २०८२/०२/३० | Kumar Shishir Construction Dhangadhi 2, Kailali |
| ५ | Construction of Blacktop road at 4 different place ward no 1, 2, 4 and 5 (GM/NCB/W/2080/81/05) | २०८०/१०/११ | २०८१/०३/१० | २०८२/०२/३० | N.K. Nirman Sewa Dhangadhi 6, Kailali |

<u>निर्णय नं. ८</u>

क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, त्रिभुवन विश्वविद्यालय सुदूर पश्चिमाञ्चल क्षेत्र, अत्तरिया कैलालीको च.नं. ५२, मिति २०८१/५/२० गतेको पत्रानुसार गोदावरी नगरपालिकाको वडा नं. २ को पहाड रोडमा क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय संचालन हुँदै आईरहेकोमा उक्त भवनमा कार्यालय संचालन गर्न अपर्याप्त भएकोले सो भवनसँगै त्रिभुवन विश्वविद्यालयले अर्को भवन वनाईदिने भएको हुँदा सो स्थानको भोकाधिकारको लागी सहमती उपलब्ध गराईदिन अनुरोध भई आएकोले तपसिल बमोजिमको चारकिल्ला भित्र भवन निर्माणका लागी सहमती उपलब्ध गराउने निर्णय गरियो ।

<u>तपसिल</u>

| वडा नं. | साँध/सिमाना | क्षेत्रफल |
|---|---|---|
| २ | गोदावरी नगरपालिका वडा नं. २ को पहाड रोडमा पूर्वमा खोला र जङ्गल, पश्चिममा महिला सहकारी, उत्तरमा खानेपानी कार्यालय र दक्षिणमा गौशालाको लागी घरवार गरिएको जमिन । | ५ कठ्ठा |

<u>निर्णय नं. ९</u>

नापी कार्यालय, धनगढी कैलालीको च.नं. ४७, मिति २०८१/४/१६ गतेको पत्रानुसार सेवाग्राहीहरुलाई चुस्त दुरुस्त सेवा प्रवाह गर्नका लागि स्रोत साधनको अभाव भएकोले कार्यालयका लागि फर्निचर तथा फर्निसिङ्ग, कार्यालय सामान, मेसिनरी औजार, मर्मत सम्भार लगायतका खरिद कार्यका लागि चालु आ.व. ०८१/८२ को वार्षिक वजेट तथा कार्यक्रम पुस्तिकाको अनुसूची ६ चालु खर्च तर्फको सि.नं. ४७ भूमि व्यवस्था इकाई व्यवस्थापन शिर्षकबाट खर्च व्यहोर्ने गरी रु. ५ (पाँच) लाख रकम विनियोजन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

Scanned with CamScanner